बाह्रविसे नगरपालिका

# स्थानीय राजपत्र

## बाह्रविसे नगरपालिकाद्धारा प्रकाशित

खण्डः २   संख्याः २   मितिः २०७६/०८/२६

भाग-२

# जल उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०७६

# “जल उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०७६”

प्रस्तावना :

नेपालको संविधान, २०७२ को अनुसूची ८ बमोजिकको एकल अधिकार सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) ट (१) र ध ले दिएको अधिकार प्रयोग गरी यस बाह्रविसे नगरपालिका क्षेत्र भित्रको खानेपानी, सिंचाई, साना जल विद्युत आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित रुपले सञ्चालन गर्नका लागि सोही ऐनको दफा १०२ मा भएको व्यवस्था बमोजिम यो “जल उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०७६”तर्जुमा गरी मिति २०७६/०८/२६ गतेको बाह्रविसे नगर कार्यपालिकाको वैठकबाट स्वीकृत गरी लागु गरिएकोछ ।

१.संक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्य विधिको नाम “जल उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि २०७६ रहेको छ ।

(ख) यो कार्यविधि बाह्रविसे नगर कार्यपाालिकाको वैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :

(क) “जल उपभोक्ता समिति” भन्नाले प्रचलित ऐन, दफा र कार्यविधि बमोजिम बाह्रविसे नगरपालिका क्षेत्र भित्र रहेका जलश्रोतको सदुपयोग गरी खानेपानी, सिंचाई, साना लघु जल विद्युत आदिको निर्माण गरी सामूहिक हितको लागि कार्य गर्ने गरी गठन भएको जल उपभोक्ता समितिलाई सम्झनु पर्छ । सो शब्दले बाह्रविसे नगरपालिका भित्रका जल उपभोक्ता समितिलाई जनाउँछ ।

(ख) “अध्यक्ष भन्नाले” दफा (२) क बमोजिम गठन भएको जल उपभोक्ता समितिको अध्यक्षलाई जनाउँदछ ।

(ग) “सदस्य तथा अन्य पदाधिकारी भन्नाले” दफा (२) क बमोजिम गठन भएको जल उपभोक्ता समितिको सदस्यहरु तथा पदाधिकारीहरुलाई जनाउँदछ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बाह्रविसे नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्छ ।

(ङ) “वडा” भन्नाले बाह्रविसे नगरपालिकाको वडा कार्यालय सम्झनु पर्दछ ।

(च) “कार्यालय” भन्नाले बाह्रविसे नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ । सो शब्दले बाह्रविसे नगरपालिका भित्रका वडा कार्यालय समेतलाई बुझाउँदछ ।

(छ) “स्थानीय तह” भन्नाले बाह्रविसे नगरपालिकालाई सम्झनु पर्दछ ।

३. बाह्रविसे नगरपालिकाले जल उपभोक्ता समिति दर्ता गर्न सक्ने :

(१) नेपालको संविधान, २०७२ को अनुसूचि-८ मा एकल अधिकारको सूचीमा भएको व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) ट (१) र ध को अधिनमा रहि बाह्रविसे नगरपालिका क्षेत्र भित्रका जल श्रोतको उपयोग गरी खानेपानी, सिंचाई तथा साना जल विद्युत आयोजनाको निर्माण गरी स्थानीय श्रोत र साधनको समुचित सदुपयोग गर्नको लागि बाह्रविसे नगरपालिकाले जल उपभोक्ता समिति दर्ता गर्न सक्नेछ ।

४.जल उपभोक्ता समितिले अपनाउनु पर्ने कार्यविधि :

दफा ३ को उपदफा (१) बमोजिम जल उपभोक्ता समिति दर्ता गर्नको लागि जल उपभोक्ता समिति दर्ता गर्न ईच्छुक समूह वा जल उपभोक्ता समितिले देहाय बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ :-

(क) खानेपानी, सिंचाई, साना जलविद्युत आयोजना निर्माण गर्दा सम्बन्धित वडाका अध्यक्ष वा सदस्यको उपस्थितिमा सो क्षेत्रका लाभान्वित घर परिवार र स्थानीय समुदायको भेलावाट जल उपभोक्ता समिति गठन गर्नु पर्दछ ।

(ख) खण्ड (क) बमोजिम गठन भएको जल उपभोक्ता समितिले खानेपानी, सिंचाई तथा साना जल विद्युत आयोजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा परियोजनावाट लाभान्वित जन संख्या, कार्य क्षेत्र, उद्देश्य, समितिको निर्वाचन प्रणाली, पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार लगायतका विषयहरु समेटी दुई प्रति विधान तयार गरी सम्बन्धित समिति बाट अनुमोदन गराउनु पर्दछ ।

(ग) खण्ड (क) बमोजिम गठन भएको जल उपभोक्ता समितिले खानेपानी, सिंचाई, तथा साना जल विद्युत आयोजना दर्ता गर्न सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूची -१ बमोजिमको ढाँचामा भएको व्यहोराहरु स्पष्ट खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

५. सूचना जारी गर्ने :

(१) दफा (४) खण्ड (ग) बमोजिम जल उपभोक्ता समिति दर्ता गर्नको लागि पेश भएका निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा बाह्रविसे नगरपालिकाको कार्यालयले जलश्रोत उपयोग गर्ने सम्बन्धमा कोही कसैको दावी विरोध भए नभएको सम्बन्धमा अनुसूची -२ बमोजिमको ढाँचामा ३५ दिन सम्म दावी विरोधको समयावधी रहेको सूचना जारी गर्नु पर्दछ ।

(क) दफा ५ को उपदफा (१) बमोजिमको सूचनामा देहायको बिषयहरु उल्लेख भएको हुनु पर्दछः

(१) जल उपभोक्ता समितिको नाम, ठेगानाः

(२) जलश्रोतको उपयोग सम्बन्धी विवरणः

(३) जलश्रोत रहेको स्थान तथा मुहानः

(ख) उपदफा (१) मा उल्लेख भएको अनुसूची -२ बमोजिमको सूचना बाह्रविसे नगरपालिकाको कार्यालय र सम्बन्धित वडा कार्यालयले सूचना पाटीमा अनिवार्य रुपमा टाँस गर्नु पर्ने छ र सम्बन्धित वडा कार्यालयले सो को जानकारी नगरपालिकालाई दिनुपर्नेछ ।

६. बाह्रविसे नगरपालिका जलश्रोत समिति :

(१) नगरपालिका क्षेत्र भित्रका जल उपभोक्ता समितिहरुको दर्ता सिफारिस, अध्ययन र अनुगमन समेत गर्नको लागि देहाय बमोजिमको बाह्रविसे नगरपालिकाको जलश्रोत समिति हुनेछ ।

(क) नगर कार्यपालिका सदस्यहरु मध्ये नगर कार्यपालिकाले तोकेको एक जना -संयोजक

(ख) वन,वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक -सदस्य

(ग) पूर्वाधार विकास शाखा प्रमुख -सदस्य

(घ) ईलाका वन कार्यालयका प्रमुख/प्रतिनिधि-सदस्य

(ङ) सम्बन्धित शाखा प्रमुख-सदस्य सचिव

७. बाह्रविसे नगरपालिकाको जलश्रोत समितिको काम, कर्तव्य र अधिकार :

बाह्रविसे नगरपालिकाको जलश्रोत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) बाह्रविसे नगरपालिका भित्रका जलश्रोत र जल सम्पदाहरुको पहिचान गर्ने ।

(२) जल उपभोक्ता समिति दर्ताका लागि पेश भएका निवेदनहरुको अध्ययन गरी दर्ताका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने ।

(३) जल उपयोग गर्ने सम्बन्धमा उत्पन्न भएका समस्याहरु समाधान गर्ने ।

(४) बाह्रविसे नगरपालिका नगर कार्यपालिकाले तोकेको अन्य कार्यहरु गर्ने ।

८. बाह्रविसे नगरपालिका जलश्रोत समितिको बैठक :

बाह्रविसे नगरपालिका जलश्रोत समितिको बैठक आवश्यकता अनुसार बस्ने छ र वैठक बसे वापत संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले निर्धारण गरे बमोजिमको वैठक भत्ता प्रदान गरिने छ ।

९.जल उपभोक्ता समिति दर्ता तथा नविकरण :

बाह्रविसे नगरपालिका भित्र रहेका जल उपभोक्ता समिति बाह्रविसे नगरपालिका नगर कार्यपालिका सभाबाट स्वीकृत दर बमोजिमको शुल्क बुझाई नगरपालिका कार्यालयमा दर्ता र प्रत्येक आ.व.को असोज मसान्त भित्र नवीकरण गर्नुपर्नेछ ।

१०.जल उपभोक्ता समिति दर्ता गर्ने :

(१) दफा (५) बमोजिम जल उपभोक्ता समिति दर्ता गर्नको लागि जारी भएको दावी विरोध सम्बन्धि पैंतीस दिने सूचनाका सम्बन्धमा सम्बन्धित वडा कार्यालयवाट जल उपभोक्ता समिति दर्ता गर्ने प्रयोजनको लागि कोही कसैको दावी विरोध नभएको भनि पुनः सिफारिस भए पछि मात्र जल उपभोक्ता समिति दर्ता गर्नको लागि बाह्रविसे नगरपालिका, नगर जलश्रोत समिति समक्ष फाईल पेश गर्नुपर्दछ ।

(२) बाह्रविसे नगरपालिका जलश्रोत समितिले उपदफा (१) बमोजिम पेश भएका फाईलहरुको अध्ययन गरी जल उपभोक्ता समिति दर्ता गर्नको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नुपर्नेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले उपदफा २ बमोजिम सिफारिस भएका बाह्रविसे नगरपालिका जल उपभोक्ता समिति दर्ता गरी अनुसूची-३ बमोजिमको ढाँचामा उपभोक्ता समिति दर्ता प्रमाण-पत्र प्रदान गर्नुपर्नेछ ।

११.खारेजी तथा बचाउ :

यो कार्यविधिका दफाहरु संघीय कानून, प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ र आवश्यकता अनुसार बाह्रविसे नगरपालिकाको नगर कार्यपालिकाले परिमार्जन समेत गर्न सक्नेछ ।

# “जल उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०७६”

(अनुसूची -१)

निवेदन -पत्र

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
बाह्रविसे नगरपालिकाको कार्यालय
बाह्रविसे, सिन्धुपाल्चोक ।
महोदय,

हामीले जलश्रोत उपभोक्ता समिति गठन गरी दर्ता गर्न चाहेको स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (२) ट र ध मा भए बमोजिम जलश्रोत उपभोक्ता समिति दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता समितिको विधान र...... रुपैयाँ दस्तुरसहित दरखास्त दिएका छौं ।

विवरण :
१. उपभोक्ता समितिको नाम :
२. कार्य क्षेत्र :
३. उद्देश्यहरु :
क)
ख)
ग)
४. मूहानको नामः ठेगानाः
५.जल उपभोक्ता समितिका सदस्यको नाम : ठेगानाः पेशा
क)
ख)
ग)
घ)
ङ)
च)
छ)
ज)
झ)
६. उपयोग गरिने जलश्रोतको विवरण :
क) जलश्रोतको नाम र सो रहेको ठाउँ :
ख) जलश्रोत बाट गरिने प्रयोग :
ग) उपभोक्ता समितिले गर्न चाहेको जलश्रोतको परमाण :
घ) उक्त जलश्रोतको हाल भई रहेको उपयोग :
७. उपभोक्ता समितिले पुऱ्याउन चाहेको सेवा सम्वन्धि विवरण :
अ) सेवाको किसिम :
आ) सेवा पुऱ्याउने क्षेत्रः
ई) सेवा वाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः
इ) भविष्यमा सेवा निरन्तर गर्न सकिने सम्भावना :
८.आर्थिक श्रोतको विवरण :
(क)उपभोक्ता बाट जेटेको रकम, अन्य सरकारी तथा गैरसरकारी संकलित रकमः
९. कार्यालयको ठेगाना :
निवेदक :
सही :
नाम :
पद :

"जल उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०७६"

(अनुसूची -२)

स्थानीय सरकार

बाह्रविसे नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चलानी नं. : मिति :

सूचना

सिन्धुपाल्चोक जिल्ला बाह्रविसे नगरपालिका अन्तर्गत देहायको जलश्रोत समिति दर्ताको लागि यस कार्यालयमा निवेदन पेश हुन आएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ट र ध मा भएको व्यवस्था बमोजिम जलश्रोत उपभोक्ता समिति दर्ता प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त सम्बन्धमा कुनै दावी विरोध भए आजका मितिले ३५ दिन भित्र यस कार्यालयमा पेश गर्न सर्वसाधारणको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

१. समितिको नाम :

२. ठेगाना :

३. उद्देश्य :

४. मुहानको नाम :

सूचना जारी गर्ने अधिकारी

दस्तखत :

नाम,थर :

पद : प्रमुख प्रशासकीय अधिकृत

"जल उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०७६"
(अनुसूची - ३)
बाह्रविसे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाह्रविसे, सिन्धुपाल्चोक
३ नं. प्रदेश,नेपाल

# जल उपभोक्ता समिति दर्ता प्रमाणपत्र

दर्ता नं.
श्री.............................
..........................................

स्थानीय सरकार सचालन ऐन, २०७४ को दफा ११ (२) ट र ध मा भएको व्यवस्था बमोजिम सिन्धुपाल्चोक जिल्ला बाह्रविसे नगरपालिका वडा नं........स्थित .....................................मुहान .........................उपभोक्ता समिति यस बाह्रविसे नगरपालिकामा दर्ता गरी यो प्रमाण -पत्र प्रदान गरिएको छ।

प्रमाण-पत्र जारी गर्ने अधिकारी :
सही :
नाम,थर :
पद :

| सि.नं. | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर रसिद नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले

फणिन्द्र प्रसाद पौडेल

प्रमुख प्रशासकीय अधिकृत